**21st May, 2026**

**यो आकाशवाणी हो**

**सबैभन्दा पहिला यस बुलेटिनका मुख्य समाचार-**

**1. भारत-इटाली संयुक्त रणनीतिक कार्य योजना २०२५-२०२९ ले दुई देशहरू बीचको सहयोगका लागि व्यावहारिक र अग्रगामी मार्गचित्र प्रदान गर्ने प्रधानमन्त्री श्री मोदीको अडान**

**2. केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले क्षेत्रीय अधिकारीहरूसँग गर्नुभयो उच्चस्तरीय सुरक्षा समीक्षात्मक बैठक**

**3. भारत र साइप्रस बीचको साझेदारीले भारत तथा युरोपेली सङ्घ बीचको आर्थिक सम्बन्धलाई पनि बलियो बनाउने साइप्रस राष्ट्रपति निकोसको विचार**

**4 आगामी २८ मैईदेखि ३१ मैईसम्म नयाँ दिल्लीमा आयोजना हुने भारत-अफ्रिका शिखर सम्मेलन स्थकित**

**अनि**

**5. राजस्व गुप्तचर निर्देशनालय (DRI)-द्वारा महाराष्ट्र, गुजरात, दिल्ली र पश्चिम बङ्गालमा ई-चुरोट तस्करी गर्ने गिरोहमाथि ठूलो कारबाहीसहित धेरै सङ्ख्यामा इलेक्ट्रोनिक चुरोट जफत**

## 1. प्रधानमन्त्री-इटाली भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले पाँच देशको आफ्नो आधिकारिक भ्रमण पूर गर्नुभयो। उहाँ अन्तिम चरणको भ्रमणमा इटालीको भ्रमण समाप्त गरी आज नयाँ दिल्ली फर्किनु भयो। हिजो, भारत र इटालीले आफ्नो सम्बन्धलाई विशेष रणनीतिक साझेदारी अघि बडाउने घोषणा गरे।

वार्तापछि, प्रधानमन्त्री मोदीले संयुक्त प्रेस विज्ञप्तिमा भारत-इटाली संयुक्त रणनीतिक कार्य योजनाले दुई देशहरू बीचको सहयोगका लागि व्यावहारिक र अग्रगामी मार्गचित्र प्रदान गर्नेछ, भन्नुभयो।

इटालीका प्रधानमन्त्री **जर्जिया मेलोनी**ले भन्नुभयो "विशेष रणनीतिक साझेदारी" ले भारत-इटाली सम्बन्धको बढ्दो गहिराइलाई प्रतिबिम्बित गर्दछ, जुन पारस्परिक विश्वास र साझा मूल्यहरूमा आधारित छ।

## 2. वैष्णव - सुरक्षा बैठक

केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा क्षेत्रीय अधिकारीहरूसँग उच्चस्तरीय सुरक्षा समीक्षात्मक बैठक गर्नुभयो। बैठकको क्रममा हालैका धेरै रेल आगलागीका घटनाहरूको प्रारम्भिक अनुसन्धानमा असामाजिक तत्वहरूको संलग्नता रहेको थाहा लागेको छ। मन्त्रालयले त्यस्ता घटनाहरूलाई गम्भीरतापूर्वक लिइएको र रेलवे सुरक्षा बल (RPF) ले सक्रिय रूपमा अनुसन्धान गरिरहेको बताएको छ।

सुरक्षा समीक्षात्मक बैठकको क्रममा, सुधारिएको रिपोर्टिङ प्रणाली मार्फत गुप्तचर सङ्कलन संयन्त्रलाई बलियो बनाउन विशेष जोड दिइएको थियो। यसबाहेक, प्रविधिमा आधारित सुरक्षा प्रणालीहरू बढाउने, रेलवे नेटवर्कमा CCTV कभरेज विस्तार गर्ने र सञ्चालन सुरक्षा सुधार गर्ने कुरामा जोड दिइएको थियो। ।

## 3. गोयल – जीडीपी

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत र संयुक्त राज्य अमेरिका प्राकृतिक साझेदारको रूपमा काम गरिरहेको र प्रविधि नवप्रवर्तन, रक्षा, डिजिटल डेटा केन्द्रहरू, क्वान्टम कम्प्युटिङ र चिकित्सा उपकरणहरू सहित विभिन्न क्षेत्रहरूमा

एकअर्काका पूरक रहेको बताउनु भएको छ। आज नयाँ दिल्लीमा **अमेरिकी चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री**-को वार्षिक नेतृत्व शिखर सम्मेलनलाई सम्बोधन गर्दै श्री गोयलले उक्त विचार व्यक्त गर्नुभएको हो। यसैक्रममा उहाँले दुई देशहरू बीचको साझेदारी पारस्परिक विश्वास र साझा आर्थिक हितले बलियो बन्ने विश्वास व्यक्त गर्नुभयो।

### 4. अर्किड-उपहार

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो आधिकारिक भ्रमण अवधिक्रममा नर्वेका प्रधानमन्त्री **योनास गहर स्टोरा**-लाई अर्किड चित्र र अर्किड पेपरवेट उपहार दिनुभएको थियो।

सिक्किम राज्यमा फुल्ने अर्किड र फर्नहरू मिलाएर बनाएका यी उत्कृष्ट कलाकृतिहरूले पूर्ण उपहारले पूर्वी हिमालयको असाधारण जैविक विविधताको समृद्धिलाई प्रतिनिधि गर्दछ। प्रत्येक फूल र फर्नलाई स्थानीय कारीगरहरूले सावधानीपूर्वक हातले छनोट र संरक्षण गरेका हुन्छन्।

श्री मोदीले आइसल्याण्डकी प्रधानमन्त्री **क्रिस्टन फ्रोस्टोडोटा**-लाई तेन्जिङ नोर्गेले प्रयोग गरेको आइस एक्सको प्रतिकृति उपहारका रूपमा प्रदान गर्नुभएको थियो। आइस एक्सको प्रतिकृतिले सन् १९५३ मा सर एडमन्ड हिलारीसँग सगरमाथाको पहिलो सफल आरोहणको क्रममा तेन्जिङ नोर्गेले बोकेका पौराणिक उपकरणलाई श्रद्धाञ्जली अर्पण गर्दछ। स्टीलमा काठको लौरो मोरेको, उक्त प्रतिकृतिले उच्च-उचाइ पर्वतारोहणका लागि आवश्यक सरलता, लचिलोपन र परिशुद्धतालाई प्रतिबिम्बित गर्दछ।

### 5. नड्डा-स्वास्थ्य-एआई

स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले स्वास्थ्य सेवा प्रणालीलाई रूपान्तरण गर्न कृत्रिम बुद्धिमत्ता (एआई) को सम्भावनामाथि प्रकाश पार्दै भन्नुभयो, एआईले स्वास्थ्य सेवा वितरणमा अपार अवसरहरू प्रदान गर्दछ, तर यसलाई बलियो नियमहरू, कठोर अनुसन्धान र नैतिक निरीक्षणद्वारा निर्देशित हुनुपर्छ।

जेनेभामा ७९ औँ विश्व स्वास्थ्य सभाको क्रममा एउटा कार्यक्रमलाई सम्बोधन गर्दै श्री नड्डाले भन्नुभयो, भारतले एक दशकभन्दा बढी समय अघि प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा २०१५ मा "डिजिटल इन्डिया" पहल सुरु गर्दै बलियो डिजिटल जग बसालेको थियो। यसरी नै उहाँले अझ भन्नुभयो, यो पहलले भारतलाई डिजिटल रूपमा सशक्त समाज र ज्ञानमा आधारित अर्थतन्त्रमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ, जसले भारतलाई एआई सहित भविष्यका प्रविधिहरूको लागि तयार पार्छ।

उहाँले देशले २२ आधिकारिक भाषाहरू र स्वास्थ्य सेवा पहुँचको विभिन्न स्तरहरूमा १.४ अर्ब नागरिकहरूका लागि एआईलाई नियन्त्रण गरिरहेको पनि जनाउनुभयो।

### 6. साइप्रस-राष्ट्रपति निकोस

साइप्रसका राष्ट्रपति निकोस **क्रिस्टोडौलिड्स**-ले युरोप, पूर्वी भूमध्यसागर, खाडी र उत्तर अफ्रिकाका बजारहरूमा पहुँच खोज्ने भारतीय व्यवसायहरूका लागि साइप्रस एउटा भरपर्दो र प्रतिस्पर्धी लन्च प्याडको रूपमा सेवा गर्न तयार रहेको बताउनु भयो। मुम्बईमा आयोजित भारत-साइप्रस व्यापार मञ्चलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, साइप्रस व्यापार केन्द्र यस वर्षको 1 सेप्टेम्बर देखि मुम्बईमा सञ्चालन सुरु हुनेछ।

श्री **क्रिस्टोडौलिड्स**ले भारत र साइप्रस बीचको साझेदारीले भारत तथा युरोपेली सङ्घ बीचको आर्थिक सम्बन्धलाई पनि बलियो बनाउने बताउनु भयो।

**7.भारत-अफ्रिका शिखर सम्मेलन**

अफ्रिकाका केही भागहरूमा बिग्रँदै गएको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै चौथो भारत-अफ्रिका फोरम शिखर सम्मेलन स्थगित गरिएको छ। उक्त शिखर सम्मेलन २८ मैईदेखि ३१ मैईसम्म नयाँ दिल्लीमा आयोजना हुने तय भएको थियो।

विदेश मन्त्रालयले भारत, अफ्रिकी सङ्घका अध्यक्ष र अफ्रिकी सङ्घ आयोगबीचको परामर्शपछि यो निर्णय गरिएको बताएको छ। शिखर सम्मेलन र सम्बन्धित बैठकहरूको लागि नयाँ मितिहरू आपसी परामर्श मार्फत अन्तिम रूप दिइने र उचित समयमा सूचित गरिनेछ।

**8. DRI - ई-चुरोट**

राजस्व गुप्तचर निर्देशनालय (DRI) ले महाराष्ट्र, गुजरात, दिल्ली र पश्चिम बङ्गालमा ई-चुरोट तस्करी गर्ने गिरोहमाथि ठूलो कारबाही गर्दै ₹१२० करोड मूल्यका ३,००,००० इलेक्ट्रोनिक चुरोट जफत गरेको छ। अर्थ मन्त्रालयले यी प्रतिबन्धित ई-चुरोट चीनबाट आयात गरिएको बताएको छ। इलेक्ट्रोनिक चुरोट निषेध ऐन, २०१९ अन्तर्गत भारतमा इलेक्ट्रोनिक चुरोट र सबै इलेक्ट्रोनिक निकोटिन डेलिभरी प्रणालीहरू प्रतिबन्धित छन्।

**9. वर्ष मुनिको हक्की खेल प्रतियोगिता**

भारतीय १८ वर्ष मुनिको पुरुष हक्की टोलीले हिजो मध्य प्रदेशको भोपालस्थित उद्धव दास मेहता सेन्ट्रल **एसएआई** सेन्टरमा अष्ट्रेलिया विरुद्धको शृङ्खलाको चौथो तथा अन्तिम खेलमा ३-३ को बराबरी खेल्यो। भारतका लागि कप्तान केतन कुशवाहा, करण गौतम र बेन सिद्धार्थले गोल गरे। यससँगै, भारतीय पुरुष टोलीले अष्ट्रेलिया विरुद्धको चार खेलको शृङ्खला एउटा जित, दुई बराबरी र एक हारका साथ समाप्त गर्यो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

**1. भारत-इटाली संयुक्त रणनीतिक कार्य योजना २०२५-२०२९ ले दुई देशहरू बीचको सहयोगका लागि व्यावहारिक र अग्रगामी मार्गचित्र प्रदान गर्ने प्रधानमन्त्री श्री मोदीको अडान**

**2. केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले क्षेत्रीय अधिकारीहरूसँग गर्नुभयो उच्चस्तरीय सुरक्षा समीक्षात्मक बैठक**

**3. भारत र साइप्रस बीचको साझेदारीले भारत तथा युरोपेली सङ्घ बीचको आर्थिक सम्बन्धलाई पनि बलियो बनाउने साइप्रस राष्ट्रपति निकोसको विचार**

**4 आगामी २८ मैईदेखि ३१ मैईसम्म नयाँ दिल्लीमा आयोजना हुने भारत-अफ्रिका शिखर सम्मेलन स्थकित**

**अनि**

**5. राजस्व गुप्तचर निर्देशनालय (DRI)-द्वारा महाराष्ट्र, गुजरात, दिल्ली र पश्चिम बङ्गालमा ई-चुरोट तस्करी गर्ने गिरोहमाथि ठूलो कारबाहीसहित धेरै सङ्ख्यामा इलेक्ट्रोनिक चुरोट जफत**